# 'गरिबकी छोरी' कथामा लैङ्गिक प्रतिनिधित्व

गुरुप्रसाद पोखरेल, पीएच.डी.*

**लेखसार**

'गरिबकी छोरी' कथामा तत्कालीन पुरुषवादी सामन्ती पितृसत्तात्मक चिन्तन, चरित्र, संस्कार र तिनका व्यवहारको प्रतिनिधित्व गराई निरीह नारीजीवनका यथार्थलाई प्रस्तुत गरिएको छ । सर्वेक्षण, सूक्ष्म पठन तथा पाठविश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको प्रस्तुत लेखमा लैङ्गिक प्रतिनिधित्वको सिद्धान्तअर्नात लैङ्गिक अन्तःसम्बन्ध पितृसत्ता र लैङ्गिक हिंसा तथा लैङ्गिक उत्पीडनको खोजी र विश्लेषण गरिएको छ । निम्नवर्गीय पुरुष र नारी चरित्रका लैङ्गिक समस्याको मूल कारकका रूपमा पितृसत्तागत अहम् र दम्भ रहेको देखाइएको प्रस्तुत लेखमा मानिसको प्राकृतिक लिङ्गका विपरीत सामाजिक, सांस्कृतिक र पारिवारिक आधारमा निर्मित विभेदकारी लैङ्गिक सम्बन्ध स्थापित भएको छ र त्यसले पारिवारिक र सामाजिक सत्ता पुरुषका हातमा सुम्पिएर असमान लैङ्गिक सम्बन्ध निर्माण गरेको कुरा निष्कर्षका रूपमा प्रस्तुत छ। यसमा तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनामा उत्पादनका साधन, उपभोग, वितरण प्रणाली र श्रमको मूल्य निर्धारणमा सामन्तवादी चिन्तन र व्यवहारबाट दीक्षित पुरुषले नारीको सहभागिता शून्य गराएकाले तत्कालीन नारीहरूको अवस्था पुरुषआश्रित उत्पीडित र अधीनस्थ बनेको देखाइएको छ । तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित पितृसत्तात्मक समाजमा विद्यमान पुरुष वर्चस्व र अधीनस्थताको जर्जर अवस्था प्रस्तुत गरिएको यस कथाका सबै तथ्यहरू हेर्दा तत्कालीन समाजको लैङ्गिक अन्तःसम्बन्ध अमानवीय, असन्तुलित र असमानतापूर्ण थियो भन्ने निष्कर्ष निस्किन्छ । यसमा तत्कालीन पितृसत्तात्मक संस्कार र चिन्तनयुक्त सामाजिक संरचनाका कारणले पुरुषबाट नारीहरू चरम यौनउत्पीडनमा परी शक्तिहीन र सीमान्तीकृत बनाइएको र पुरुषहरू यौनपिपासु बनी यौनसुखमा लिप्त रहने तत्कालीन विकृतपूर्ण दुरवस्थाको प्रस्तुति छ ।

***शब्दकुञ्जिका :*** उत्पीडन, प्रभुत्व, वर्चस्व, लैङ्गिक हिंसा, विमर्शात्मक संरचना

## १. विषयपरिचय

नेपाली समाजमा विद्यमान मानवीय समस्या र खराबीका कारणबाट मानिसहरूले भोग्नु पर्ने दुर्नियतिलाई यथार्थ रूपमा आफ्ना कथामा उतार्ने पूर्णप्रसाद ब्राह्मण सामाजिक यथार्थवादी कथाकार हुन् । उनका *एक्काइस कथा* (२००३), *झिल्का* (२००७), *म लोग्ने हुँ* (२००८), *एकतीस कथा* (२०४२) र *एघार कथा* (२०४३) गरी पाँचवटा कथासङ्ग्रह प्रकाशित छन् । उनका कथामा लैङ्गिक समस्या, मानवीय दाम्पत्य जीवनको वियोगान्त अवस्था, बहुविवाहले निम्त्याएको पारिवारिक विघटन, मानसिक दुर्घटना, बढ्दो दुर्घटित प्रेम, मानवीय मृत्यु चिन्तन, उच्चवर्गद्वारा निम्नवर्गीय उत्पीडन, पुरुषको नारीप्रति तीव्र उत्पीडनजस्ता मुख्य विषयसन्दर्भ समेटिएको छ । ब्राह्मणको *म लोग्ने हुँ* कथासङ्ग्रहमा सङ्कलित 'गरिबकी छोरी' कथाको विभिन्न साहित्यिक दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए तापनि यस लेखमा चाहिँ प्रतिनिधित्वको सिद्धान्तअन्तर्गत लैङ्गिक प्रतिनिधित्वका आधारमा विश्लेषण गरिएको छ । प्रतिनिधित्व सामाजिक संरचना हो र यो लिङ्ग, वर्ग, जाति, संस्कृति, भूगोल, विचारधारा आदिका माध्यमबाट कृतिमा प्रस्तुत भएको हुन्छ । समाजका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा व्यक्ति/समुदायको उपस्थिति प्रतिनिधित्व हो । साहित्यमा चाहिँ प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, अर्थतन्त्र आदिका आधारमा गरिन्छ । प्रतिनिधित्वले अर्थको प्रस्तुतीकरण पाठमा कसरी भएको छ, विभिन्न सन्दर्भमा अर्थको उत्पादन कसरी हुन्छ र पाठात्मक सन्दर्भमा प्रतिनिधित्व कसरी भएको छ भन्ने कुराको खोजी गर्दछ । यसरी सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति कृतिमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो । साहित्यमा प्रतिनिधित्वको खोजी पछिपरेको समुदाय, निम्नवर्ग, लिङ्ग, महिला, जनजाति, दलित, अल्पसङ्ख्यक समूह, स्थान, भूगोल आदिका माध्यमबाट गरिन्छ । तत्कालीन विमर्शात्मक संरचनाबाट नै अर्थको उत्पादन हुन्छ र त्यस अर्थले विभिन्न व्यक्ति, जाति, वर्ग, लिङ्ग आदिको प्रतिनिधित्वलाई सङ्केत गर्छ । यही पद्धतिभित्र वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्वका मान्यता समेटिन्छन् । लैङ्गिक प्रतिनिधित्वले सामाजिक संरचनामा महिला वा पुरुषको प्रतिनिधित्वको अवस्थालाई देखाउँछ। कुनै पनि कृतिभित्र उनीहरूको अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी गर्दछ । स्टुअर्ट हलको प्रतिनिधित्वसम्बन्धी उक्त मान्यताका पृष्ठभूमिमा यस लेखमा पूर्णप्रसाद ब्राह्मणको 'गरिबकी छोरी' कथामा लैङ्गिक प्रतिनिधित्व केकसरी गराइएको छ भनी त्यसको विश्लेषण गरिएको छ ।

* उपप्राध्यापक, नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि., gurupokharel@gmail.com

## २. अध्ययनविधि

पूर्णप्रसाद ब्राह्मणको *म लोग्ने हुँ* (२००८) कथासङ्ग्रहमा सङ्गृहीत 'गरिबकी छोरी' कथामा निहित लैङ्गिक प्रतिनिधित्वलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो । प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये ब्राह्मणको कथा 'गरिबकी छोरी' प्राथमिक स्रोतको सामग्रीका रूपमा र प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने स्टुअर्ट हलको प्रतिनिधित्वसम्बन्धी अवधारणा हो । लैङ्गिक प्रतिनिधित्वअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली उत्पीडनकारी सामन्ती पितृसत्ताले निम्नजवर्गका निरीह र अबला नारीमाथि दमन र उत्पीडन गर्ने काम गर्छ । यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । ब्राह्मणको *म लोग्ने हुँ* कथासङ्ग्रहमा सङ्कलित 'गरिबकी छोरी' कथाको विभिन्न साहित्यिक दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए तापनि यस लेखमा चाहिँ प्रतिनिधित्वको सिद्धान्तअन्तर्गत लैङ्गिक प्रतिनिधित्वका आधारमा मात्र विश्लेषण गरिएको छ । समग्रतः यस लेखमा लैङ्गिक प्रतिनिधित्वसम्बन्धी मान्यताका आधारमा ब्राह्मणको 'गरिबकी छोरी' कथालाई सोद्देश्य नमुना छनोट गरी लैङ्गिक प्रतिनिधित्वका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## ३. लैङ्गिक प्रतिनिधित्वको सैद्धान्तिक अवधारणा

प्रतिनिधित्व गर्नु भन्नाले प्रतीकत्व गर्नु, प्रतीक हुनु, प्रतिरूप हुनु, राम्रो हुनु वा प्रतिस्थापन गर्नु भन्ने हो । केही कुराको प्रतिनिधित्व गर्नु, यसलाई व्याख्या गर्नु वा चित्रण गर्नु, व्याख्या, चित्रण वा कल्पनाद्वारा मनमा राख्नु तथा हाम्रो मन वा चेतनामा हाम्रो अगाडि सादृश्यता स्थापित गर्नु प्रतिनिधित्व हो । (हल, सन् १९९७, पृ. १५) । महिला र पुरुषको भिन्न सामाजिक परिचय नै लैङ्गिकता हो । लैङ्गिकतालाई प्राकृतिक शब्द र बुझाइको ठिक उल्टो सामाजिक शब्द र बुझाइका रूपमा प्रयोग गर्ने कामको सुरुवात सन् १९७० को दशकमा ब्रिटिस नारीवादी समाजशास्त्री एन ओक्लले महिला र पुरुषको भिन्नभिन्न सामाजिक पहिचानको व्याख्या गर्ने क्रममा गरेकी हुन् (भद्रा, २०६८, पृ. १०-११) । लैङ्गिक अध्ययनले महिला र पुरुषमध्ये कुनै एक वा व्यक्तिगत तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू, वर्ग, सङ्गठन, पेसा, समुदाय आदिमा विद्यमान लैङ्गिक अभ्यासको अध्ययन गर्दछ (खनाल, २०७५, पृ. २) । लैङ्गिकतामा पुरुष र महिलाको सामाजिक र सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गरिन्छ । समाजका सबै गतिविधिमा नारी र पुरुष दुवैको भूमिका रहने हुनाले साहित्यमा नारी र पुरुषको स्वाभाविक प्रतिनिधित्व हुनुपर्ने हो । पाठमा आएका फरक लिङ्गका पात्रले आफ्नो उपस्थितिका क्रममा सामाजिक, आर्थिक, लैङ्गिक सन्दर्भहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा उजागर गरिरहेका हुन्छन् । प्रतिनिधित्वले सीमान्तकृत समूहका व्यक्ति, लेखक र कलाकारको आवाज र लेखनलाई समेत संस्कृतिको मूलधारमा ल्याउँछ (पोखरेल, सन् २०२०, पृ. ११) । एउटा समुदायले अर्को समुदायलाई हेर्ने दृष्टिकोण, नारीले पुरुषलाई, पुरुषले नारीलाई हेर्ने अवधारणा आदि सबै एक खास सन्दर्भसहित पाठमा अभिव्यक्त हुन्छन् । साहित्यमा प्रतिनिधित्वले विभिन्न सामाजिक श्रेणीहरूले त्यसमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग सम्बन्ध राख्छ (गिरी, २०७४, पृ. २४९) । कुनै पाठमा नारीको प्रतिनिधित्व छ भने उक्त नारी पात्रको सामाजिक स्थान, सम्मान, नारीप्रतिको धारणा, समाजले तय गरेका नारीका जिम्मेवारी, नारी नारीका बीचको सम्बन्ध, नारी र पुरुषका बीचको सम्बन्ध आदि सबै सन्दर्भहरू उक्त पात्रसँग जोडिएर आएका हुन्छन् ।

पुरुषप्रधान स्थापित विमर्शात्मक सामाजिक संरचना र शक्तिका स्रोतहरूमा उपेक्षित, किनारीकृत, दमित, उत्पीडित वर्ग, जाति र लिङ्गगत समुदायको समान रूपमा प्रतिनिधित्व नहुन सक्छ । (पाठक, २०७५, पृ. १७) । समाजको बनोट र स्थापित विमर्शका कारण प्रतिनिधित्वको अवस्थामा असमानता, विभेद वा गलत प्रक्रियाले प्रभुत्व जमाएको हुन सक्छ । यस्ता समूहको प्रतिनिधित्व उपयुक्त ढङ्गले भएको छ वा छैन र भएको छैन भने किन भएको छैन तथा केन्द्रीय संस्कृतिको केकस्तो प्रभुत्वका कारण प्रतिनिधित्व हुन नसकेको हो भन्ने कुरा सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो (पाठक, २०७५, पृ. १७) । सांस्कृतिक अध्ययनमा लैङ्गिक प्रतिनिधित्वको खोजी वा विश्लेषण गर्दा यस्तै उपेक्षित, दमित, उत्पीडित, सीमान्तीकृत जाति, वर्ग, लिङ्ग, क्षेत्र, समय, विचारधारा, संस्कृति आदिलाई विशेष महत्त्व दिइन्छ । लैङ्गिकताले समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबीचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा मनोवैज्ञानिक भूमिका र अवस्थालाई जनाउँछ । यसले महिला र पुरुषको सामाजिक निर्मिति र सम्बन्धका आधारमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ वा कसरी हुनुपर्छ भन्ने कुराको विश्लेषण गर्छ (भट्टराई, २०७७, पृ. १०८) । यसले महिला र पुरुषको जैविक पक्षको नभई सामाजिक र सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गर्दछ ।

लैङ्गिकताले लिङ्गका आधारमा समाजमा उत्पीडनमा परेका महिला र पुरुषका बीचको शक्ति सम्बन्ध पनि केलाउँछ (ब्रेट्ली, १९९६, पृ. २२४) । जुलिया क्लिम्स मोसीले लैङ्गिकतालाई भूमिकाहरूको सेट जसले रङ्गमञ्चमा लगाइने मुखुन्डोले झैँ अरू मानिसहरू हामी स्त्रीलिङ्गी हौँ, हामी पुलिङ्गी हौँ भन्ने अर्थ बताउँछ (मोसी, सन् १९९३, पृ. २) भनी परिभाषित गरेकी छन् । कमला भासिनले समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार र स्रोतसाधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास सिकाउँछ भन्ने कुराको अध्ययन लैङ्गिक समालोचनाले

गर्नुपर्ने धारणा प्रस्तुत गरेकी छन् (भासिन, सन् २०००, पृ. १) । ती अधिकारविहीन नारीहरूले पुरुष समान अधिकार प्राप्त गर्नुपर्छ भन्ने धारणा नारीवादीहरूको पाइन्छ । नारीहरूलाई शक्तिहीन बनाउने कार्य सामाजिक सांस्कृतिक संरचनाले गरेको हो भन्ने नारीवादीहरूको ठहर छ (गौतम, २०६४, पृ. ३४४) । समाजमा नारीहरू पीडित छन्, आफ्ना अधिकारबाट वञ्चित छन् । साहित्यमा चित्रित नारीको स्थिति, अवस्था, पुरुष शासित समाजबाट भोगेको पीडा, नारीका छोरी, बुहारी, पत्नी, आमा, सासू आदि स्वरूपको व्याख्या र विवेचना नारीवादी समालोचनाले गर्दछ ।

लैङ्गिक अध्ययनले  कृतिभित्र महिला र पुरुष, पुरुष र पुरुष, महिला र महिलाबीचको शक्ति सम्बन्धको अवस्था कस्तो छ ? लैङ्गिक उत्पीडनको अवस्था कस्तो रहेको छ ? भन्ने कुराको खोजी गर्छ । लैङ्गिक अध्ययनमा प्रतिनिधित्वले लैङ्गिक उपस्थिति र उसले प्राप्त गरेको जिम्मेवारीलाई बुझाउँछ । लैङ्गिक भूमिकासँग सम्बन्धित लेखाइ, प्रस्तुति, विषयवस्तु तथा सम्पूर्ण साहित्यिक कार्यको विश्लेषण तथा मूल्याङ्कन गर्नु नै लैङ्गिक प्रतिनिधित्व हो । लैङ्गिक सम्बन्ध लिङ्गका रूपमा पुरुष र महिलाका बीचको सम्बन्ध हो । यही सम्बन्धका कारण समाजमा नारी र पुरुषको पहिचान र स्वभाव झल्किन्छ (पोखरेल, २०८०, पृ. २०७२) । पितृसत्ता, नारीवाद, लैङ्गिक समस्या, लैङ्गिक समानता र समता, दमन, शोषण, हिंसा, पीडा अनि उद्धार र मुक्ति, शक्ति र सशक्तीकरण, लैङ्गिक भाषा, सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक सन्दर्भ, लैङ्गिक अधिकार, कर्तव्य तथा अवसर, यौनिकता र यौन सम्बन्ध आदि लैङ्गिक प्रतिनिधित्वसँग सम्बन्धित मान्यताहरू हुन् । यस लेखमा लैङ्गिक प्रतिनिधित्वअन्तर्गत लैङ्गिक अन्त:सम्बन्ध, पितृसत्ता र लैङ्गिक हिंसा तथा लैङ्गिक विभेद, शोषण र उत्पीडनका कोणबाट ब्राह्मणको 'गरिबकी छोरी' कथाको विश्लेषण गरिने हुनाले तिनको सैद्धान्तिक मान्यतालाई यसप्रकार छोटकरीमा चर्चा गरिएको छ ।

### १. लैङ्गिक अन्त:सम्बन्ध

समाजका विभिन्न क्षेत्रमा महिला र पुरुषहरूका बीचको सम्बन्ध लैङ्गिक अन्त:सम्बन्ध हो । विवाह, घरपरिवार, परिवारका सदस्यहरू, इष्टमित्र, नातासम्बन्ध, जाति, धर्म आदिका आधारमा लैङ्गिक अन्तर्सम्बन्ध प्रकट हुन्छ । परम्परागत लैङ्गिक विभेदले पति र पत्नीबीचको सम्बन्धलाई अधीन र अधीनस्थता, दमक र दमित, उत्पीडक र उत्पीडितका तहमा पुऱ्याएको छ । समाजमा रहेका पति पत्नीगत सम्बन्धका विभेदजन्य सामाजिक व्यवहारको अन्त्य गरेर नै पति पत्नीगत सम्बन्धमा साँचो अर्थमा समानता स्थापित गर्न सकिन्छ (भट्टराई, २०७७, पृ. १३९) । सामाजिक रूपमा प्रतिष्ठा प्राप्त गर्ने, आर्थिक उपार्जन गर्ने, पूर्ण रोजगार र व्यावसायिकबन्ने, राजनीतिक नेतृत्व गर्ने, सामाजिक नेतृत्व लिने, धार्मिक अनुष्ठान तथा संस्थामा प्रमुख बन्नेजस्ता भूमिकाहरूमा पुरुषहरू नै अग्रसर हुने र उनीहरूकै दायित्व हो जस्तो ठान्ने अनि गृहिणी बन्ने, बालबच्चाको स्याहार सुसार गर्ने, घरायसी सरसफाइ, लिपपोत, अव्यावसायिक कार्य आदि महिलाको जिम्मेवारी हो जस्तो ठान्नु र सोहीअनुसार व्यवहार गर्नु लैङ्गिक भूमिकाका उदाहरण हुन् । अन्तर्जातीय विवाह, समजातीय विवाह, गरिबी, अभाव, बेरोजगारी आदि कारणले पनि लैङ्गिक सम्बन्धलाई  प्रभाव पार्छ । लैङ्गिक सम्बन्ध लिङ्गका रूपमा पुरुष र महिलाका बीचको सम्बन्ध हो । यही सम्बन्धका कारण समाजमा नारी र पुरुषको पहिचान र स्वभाव झल्किन्छ ।

### २. पितृसत्ता र लैङ्गिक हिंसा

पितृसत्ता त्यस्तो अवधारणा हो, जसमा सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक आदि सबै तह तथा क्षेत्रमा महिलामाथि पुरुषको प्रभुत्व रहन्छ । पितृसत्ता भन्नाले संस्थागत रूपमै महिलाहरू पुरुषद्वारा दमित भएको अवस्था हो । जहाँ पुरुषबाट मात्र नभएर महिलाद्वारा महिला नै उत्पीडित हुन्छन् (आचार्य, २०७४, पृ. ३१) । प्राचीन कालदेखि नै प्राय: सबै प्रकारका समाजमा पितृसत्ता निरन्तर कायम छ र पुरुषमा अधिकार कायम भई महिलाहरू पुरुष अधीनस्थ हुँदै अधिकारबाट वञ्चित भएका छन् । समाजको वर्तमान संरचना पुरुषमुखी हुनु, महिलाहरू दमित अवस्थामा रहनु, परिवारमा पुरुषकै हैकम चल्नु, शक्ति र सत्तामा पुरै प्रभाव पार्नु पितृसत्ता हो (भट्टराई, २०७७, पृ. १३०) । यसरी पितृसत्ता परम्परादेखि महिलामाथि दमन गर्ने संयन्त्रका रूपमा विकसित हुँदै आएको पाइन्छ । परिवार वा समाजमा बाबुको सर्वेसर्वा चल्ने, बाबुको नियन्त्रण र आदेशमा परिवारका सदस्य रहने, बाबुको वंश चल्ने व्यवस्था नै पितृसत्ता हो (अर्याल, २०६८, पृ. २९) । खानपिनमा खटन, हिँडडुल गर्न बन्देज, कुटपिट, यौनशोषण, बलात्कार, जबरजस्ती करणी, यौनिक अङ्ग प्रदर्शन, यौन आग्रह, स्पर्श, बोक्सी प्रथा, शिशु हत्या, सती प्रथा, दाइजो प्रथा, एसिड छ्यापेर, मट्टितेल छर्किएर, यौनोच्छेदन गरेर, जलाएर आदि स्वरूपबाट महिलामाथि हिंसा गरिएको देखिन्छ (आचार्य, २०६१ : २६) । समाजमा पुरुषले महिलामाथि मात्र होइन महिलाले पुरुषमाथि समेत हिंसा र अधीनस्थता कायम गरेका हुन्छन् । स्वास्नीले लोग्नेलाई स्वामी, पति, मालिक, भगवान्, ईश्वर, देव भनी अतिसम्मान र आस्था प्रकट गर्न लगाइनु पितृसत्ताकै उपज हो (लुइटेल, २०६३, पृ. २०) । यसरी घरायसी व्यवहारमा महिलामाथि विभिन्न हिंसाजन्य कार्य भइरहेका हुन्छन् । यौन दुर्व्यवहार गर्नु, हाडनाता करणी गर्नु, जबर्जस्ती गर्भवती तुल्याउनु, बलात्कार गर्नु, वेश्यावृत्तिमा बाध्य तुल्याउनु आदि विभिन्न कार्य गरी लैङ्गिक हिंसाजन्य व्यवहारहरू भइरहेका हुन्छन् (खनाल, २०७५, पृ. १०४) । यसरी पुरुष भएका कारणले महिलामाथि वा महिला भएका कारणले पुरुषमाथि गर्ने अमर्यादित व्यवहार/दुर्व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ ।

## ३. लैङ्गिक विभेद, दमन र उत्पीडन

पितृसत्तात्मक एवम् अन्य मूल्य मान्यतामा आधारित रहेर महिलाविरुद्ध गरिने व्यवहार नै भेदभाव हो । पुरुष वा महिलामध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नु भेदभाव हो (अर्याल, २०६८, पृ. ३९) । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षित रूपमा महिलाभन्दा बढी शक्तिशाली हुन्छन् । बढी इज्जतदार तथा साधनस्रोतले सम्पन्न हुन्छन् । उनीहरूलाई महिलामाथि आफ्नो वर्चस्व कायम गर्न वा दमन गर्न छुट हुन्छ (पाण्डे, २०६९, पृ. ११) । त्यसैले पितृसत्तात्मक समाजमा पिता, पति, छोरो, दाजुले माता, पत्नी, बहिनी छोरीलाई आफ्नो अधीनमा राखेका हुन्छन् । पितृसत्ताकै वर्चस्वलाई स्वीकार गर्दै कतिपय नारीहरूले स्वयम् नारीमाथि नै शोषण गरिरहेका हुन्छन् । नारीमाथि अधीनस्थता राख्न पुरुषले बलको मात्र प्रयोग गर्दैन वार्ता र सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छ (श्रेष्ठ, २०६८, पृ. ३९-४०) । समाजमा महिलालाई जाति, लिङ्ग, वर्ण, धर्म, राष्ट्रियता, उमेर, फरक क्षमता आदिका आधारमा भेदभावपूर्ण व्यवहार गर्नु लैङ्गिक विभेद हो । विभेदले महिलालाई सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्रशासनिकलगायतका विभिन्न क्षेत्रमा पछि पार्दै लगेको छ । महिलामाथि दमनको मूल स्रोत पितृसत्ता हो र पितृसत्ताले सिर्जना गरेका सामाजिक-सांस्कृतिक मूल्यकै कारण महिलामाथि दमन र शोषण भएको छ । शोषणको आधार आर्थिक सम्बन्ध हो भने त्यसकै आधारमा दमनको अधिरचना तयार भएको हुन्छ । दमन र शोषण एउटा वर्चस्वशाली समूहले अर्को समूहमाथि गर्ने आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक नियन्त्रण हुन् । यसरी महिलाले आर्थिक, पितृसत्तात्मक, घरेलु श्रम तथा श्रम विभाजनमा महिलामाथि हुने श्रमको अत्यधिक चापका कारण शोषित र दमित हुनु परेको छ (भट्टराई, २०७७, पृ. १३७) । यसरी स्वास्नी मानिसहरूको उत्पीडन र दुई लिङ्गबीचको शत्रुता पितृसत्ताको आरम्भदेखि नै भएको हो । नारी उत्पीडनको मूल कारण पुँजीवादी व्यवस्था शक्तिशाली भएर हो (रिड, २०४२, पृ. २१) । यसरी पुँजीवादी शोषणकै कारण नारीहरू शोषण, दमन र उत्पीडनमा पर्नुपरेको देखिन्छ ।

## ४. 'गरिबकी छोरी' कथामा लैङ्गिक प्रतिनिधित्वका विविध स्वरूप

प्रस्तुत लेखमा पूर्णप्रसाद ब्राह्मणको *म लोग्ने हुँ* (२००८) कथासङ्ग्रहमा सङ्कलित सोद्देश्य नमुना छनोट गरिएको 'गरिबकी छोरी' कथामा निहित लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गरिएको छ । लैङ्गिक असमानता, परम्परागत पितृसत्तात्मक सामन्तवादी पुरुषवादी वर्चस्व र अधीनस्थता, नारीका दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित असहाय र अबला नारी समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारुणिक जीवनदशालाई विश्लेष्य कथामा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा तत्कालीन विमर्शात्मक संरचनामा शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित नारी समुदायको प्रतिनिधित्व गराइएको छ । ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा माथि उठ्न नदिएर, आफूअनुकूल सामाजिक मूल्य खडा गरेर तथा शक्ति र श्रमलाई अवमूल्यन गरी निम्नवर्गका नारीलाई सधैँ समस्यामा पारेर कथित पितृसत्ताले अबला नारीमाथि अन्याय, अत्याचार, शोषण र दमन गरेको हुन्छ । यस लेखमा सोद्देश्य नमुना छनोट गरिएको 'गरिबकी छोरी' कथामा प्रस्तुत लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गर्दा लैङ्गिक अन्तःसम्बन्ध, पितृसत्ता र लैङ्गिक हिंसा तथा लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडनलाई मुख्य आधार बनाइएको छ ।

### ४.१ लैङ्गिक अन्तःसम्बन्ध

पूर्णप्रसाद ब्राह्मणद्वारा लिखित 'गरिबकी छोरी' कथामा राणाकालपछिको सामन्ती सम्बन्धलाई प्रस्तुत गर्ने लैङ्गिक अन्तःसम्बन्ध प्रस्तुत भएको छ । अधिकारविहीन नारीहरू पुरुष अधीनस्थ बनाइएको र तीव्र उत्पीडनमा पारिउको अवस्थाको चित्रण यस कथामा गरिएको छ । प्रस्तुत कथा पुरुष र नारीबीचको लैङ्गिक सम्बन्धबाट निर्माण भएको कथा हो । यस कथामा मुख्य र सहायक दुवै भूमिकामा नारी र पुरुष पात्रहरू रहेका छन् । कथामा पारिवारिक र सामाजिक लैङ्गिक सम्बन्धको संरचना तयार भएको छ । कथामा मूलतः २० वर्षीय पार्वती र उसको लोग्नेबीच पारिवारिक सम्बन्ध रहेको छ । पार्वती र लोग्ने पतिपत्नी हुन् । यो सम्बन्ध उनीहरूको पारिवारिक सम्बन्ध हो । पारिवारिक र सामाजिक लैङ्गिक सम्बन्धको बनोट तयार भएको यस कथामा आमा गङ्गा, बाबु केशब, दाजु कृष्ण, सौता, लोग्ने, जेठानी, सासू देउरानीगायतका पात्रहरू रहेका छन् । उनीहरूबीच पारिवारिक सम्बन्ध रहेको छ र उनीहरू एकाघरका बाबुछोरी, आमाछोरी, दाजुबहिनी, पतिपत्नी, देउरानीजेठानी हुन् । यसरी यस कथामा पति-पत्नी, दाजुबहिनी, लोग्नेस्वास्नी, सौतासौता, आमाछोरीबीचको सम्बन्धबाट पात्रहरूको लैङ्गिक सम्बन्ध निर्माण भएको छ । यस कथाको नारी र पुरुषबीचको लैङ्गिक सम्बन्ध मूलतः परिवारकेन्द्री, पुरुषकेन्द्री र उत्पीडनकारी रहेको छ । कथाकी मुख्य नारी पात्र पार्वती २० वर्षको उमेरमै विवाहित पात्र हो । बाबुआमाको काखबाट छुट्टिएकी ऊ लोग्नेको अधीनमा छे । उसको कुनै स्वतन्त्र लैङ्गिक अस्तित्व देखिँदैन । उसले सासू, ससुरा र लोग्नेको उत्पीडन सहनुपरेको छ । आफू जवानीमा चढ्न लाग्दा नै लोग्नेले सौता ल्याएर पार्वतीको बिचल्ली बनाएको छ । घरमा ऊ अपहेलित र तिरष्कृत बनेकी हुनाले माइतमा आएकी छे । माइतमा पनि बुबा र दाजुको अपमानजनक व्यवहार सहनुपरेको छ । घर र माइती दुवैतिरको शोषण र यातनाबाट उसले आत्महत्या गरी सदाका लागि बिलाउँछे । यहाँ पार्वतीले पितृसत्तात्मक समाजबाट लैङ्गिक रूपमा चरम शोषण, दमन र उत्पीडनमा पारिएका नारी समुदायको प्रतिनिधित्व गरेकी छ । कथामा उसको भूमिका पत्नी, बुहारी, छोरी, तिरस्कृत र उपेक्षित अबला नारीका तथा आत्महत्या गर्न विवश र जीवनबाटै लखेटिएकी नारीका रूपमा रहेको छ । ऊ प्रभुत्वशाली पितृतन्त्रद्वारा आफ्नो सुन्दर

जीवन गुमाउन विवश कमजोर र शक्तिहीन नारी हो । पुरुषको लैङ्गिक विभेद र हिंसाको शिकार भई पार्वतीले अनाहकमा प्राण त्याग्नुपरेको छ ।

प्रस्तुत कथामा पुरुष अधीनस्थता र नारी पराधीनताको लैङ्गिक सम्बन्ध रहेको छ । परम्परागत समाजले निर्माण गरेको विवाहपछि पुरुष अधीन हुने पारिवारिक सम्बन्ध यस कथामा प्रस्तुत छ । पितृसत्ताको बर्बर यौन पिपाशुमा आधारित लैङ्गिक सम्बन्ध यस कथामा देखिन्छ । घरमा पत्नी हुँदाहुँदै यौन सन्तुष्टिका लागि २० वर्षीय पार्वतीलाई त्यागी चरम यौनपिपाशु लोग्नेले अर्की सौता भित्र्याएको छ । चढ्दो जवानीमै सौता ल्याएर भर्भराउँदो यौवन र यौनजीवनमा व्यवधान पुऱ्याउने तत्कालीन सामन्तवादी पितृसत्तात्मक प्रभुत्वको मारमा पार्वती परेकी छे । उसले सौता ल्याएका कारण विवाहित घर त्याग्नुपरेको छ । नारीमाथिको तत्कालीन विकृति र कुसंस्कारयुक्त पितृसत्तात्मक पारिवारिक प्रभुत्व र त्यसबाट निर्मित लैङ्गिक सम्बन्धलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "घरमा उसै त त्यो हेला थियो, त्यसमा पनि अब त सौतै आएकी, के गइसक्नु थियो । भनूँ त्यो भन्दा दोब्बर हेला आज उनले माइतीमा खप्नुपरेको छ । घरमा हेला थियो तर अधिकार पनि थियो यहाँ त एउटै हेला मात्र छ । उनको निम्ति त्यहाँ दुख भए यहाँ वेदना छ । वहाँ वेदना भए यहाँ यातना छ ।" (पृ. ६)

प्रस्तुत कथांशमा प्रस्तुत सन्दर्भले तत्कालीन सामन्ती पितृसत्ताको बर्बर चरित्रको उद्घाटन गरेको छ । यहाँ पार्वतीको लोग्नेले ऊ हुँदाहुँदै सौता ल्याएर उसलाई घरबारविहीन बनाएको छ र पार्वतीले माइतीको शरण लिएकी छे । माइतमा पनि यसलाई चरम हेला गरिएको छ । जन्म दिने स्वयम् बाबुले उसलाई आफ्नै जन्मघरमा पनि आश्रय दिएका छैनन् । यसरी विवाहित छोरी घर र माइती दुवैतिरबाट तिरष्कृत र अपमानित हुनु परम्परागत सामन्ती पितृतन्त्रको सोझा नारीमाथिको नाङ्गो हस्तक्षेप र प्रभुत्व हो । छोरी, पत्नी र बुहारीमाथिको यस किसिमको तत्कालीन पितृसत्तात्मक चिन्तन र व्यवहार भएको समाजमा नारीहरूलाई यौन चाहना पूरा गर्ने साधन ठानी त्यहीअनुसार व्यवहार गरिन्थ्यो । तसर्थ यहाँको पारिवारिक सम्बन्ध पुरुषको इच्छाअनुसार सञ्चालित पुरुषबहुल रहेको देखिन्छ । यसरी हेर्दा यहाँ पार्वती, बुबा, लोग्ने, सासू, ससुरा, जेठानी र देवरानीको पारिवारिक सम्बन्ध उत्पीडक र नकारात्मक रहेको छ । यहाँ पुरुषको नारीसँगको सम्बन्ध लैङ्गिक उत्पीडक र अमानवीय स्वरूपको रहेको देखिन्छ ।

यसप्रकार 'गरिबकी छोरी' कथामा एउटी अबला र शक्तिहीन नारी पार्वतीमाथिको सामन्तवादी परम्परागत पितृसत्ताको ज्यादतीलाई प्रस्तुत गर्ने उपेक्षित, तिरस्कृत र बलशाली पित्रृसत्तात्मक लैङ्गिक सम्बन्धलाई देखाइएको छ । पितृसत्ताको सामन्ती आड र रवाफमा एउटी निरीह युवतीमाथि चरम यौनशोषण मात्र भएको छैन, घर र माइती दुवैतिर शरण नपाउने अवस्था सिर्जना भएको छ । ऊमाथिको अमानवीय तिरष्कार जस्तो घृणाजन्य सामाजिक अपराधलाई पितृसत्तात्मक समाजले नजरअन्दाज गरेको छ । सुरुमा मायाप्रेम गर्ने बहानामा पार्वतीको बिहे गरेको र बिहेपछि वेवास्ता गरेको र त्यही कारण उसले प्राण त्याग्नुपरेको सन्दर्भबाट तत्कालीन समाजमा विद्यमान पितृसत्तात्मक व्यवहार स्पष्ट हुन्छ । यसले तत्कालीन समाजमा नारी र पुरुषबीचको विभेदजन्य र हिंस्रक लैङ्गिक सम्बन्धलाई उजागर गरेको छ ।

'गरिबकी छोरी' कथामा पार्वतीको लोग्ने यौनपिपाशु र बलात्कारी पात्र हो । उसले पार्वतीमाथि चरम यौनचाहना पूरा गरी पुनः यौनेच्छा मेट्न अर्की सौता जवर्जस्ती ल्याएको छ । यसरी यस कथामा पारिवारिक र अन्तर्पारिवारिक दुवै प्रकृतिको लैङ्गिक सम्बन्ध रहेको छ । यस कथाको लैङ्गिक सम्बन्ध मूलतः पुरुषकेन्द्र र सामाजिक प्रकृतिको रहेको छ । कथाकी मुख्य नारी पात्र पार्वतीलाई लोग्नेले यौनचाहना पूरा गरेर छोडिदिएको छ । पार्वतीले यौनशोषणको तीव्र पीडा सहनुपरेको छ । यसरी पार्वतीले पितृसत्तात्मक समाजका नरपिशाच यौनपिपाशु विवाहित लोग्नेबाट बलात्कार गरी अलपत्र छाडिएका तमाम नारी समुदायको प्रतिनिधित्व गरेकी छे । ऊ प्रभुत्वशाली र बलशाली पुरुष लोग्नेद्वारा यौनशोषण र उत्पीडनमा परेकी अबला नारी हो । उसको पहिचान लोग्नेद्वारा शक्तिहीन बनाई यौनशोषण गरेर घरनिकाला गरी छाडिएकी र समाजबाट तिरस्कृत कमजोर नारीका रूपमा भएको छ । पितृसत्ताकै कारण उसले लोग्नेको प्रतिवाद गर्न सकेकी छैन । उसकै कमजोरीले गर्दा उसको जीवन सारहीन भई दुःखान्तक अवस्थामा पुगेको छ । पितृसत्ताले नै उसलाई आवाजविहीन बनाएको हो । पितृसत्ताकै कारण उसले आत्मत्या गर्नुपरेको छ । कथामा पार्वतीको मार्मिक र टीठलाग्दो अवस्थालाई यसरी चित्रण गरिएको छ : "संसार यस्तै छ, निर्धाका दिन अँध्यारोमा अँध्यारा मात्रै हुन्छन् । विचरी पार्वतीका निम्ति न अतीत नै उज्यालो थियो, न वर्तमान नै । भला कसै पनि जन्म दिने बाबुआमा, अघि आफ्नो निम्ति केही शोक र सहानुभूतिका कुरा गर्थे ।" (पृ. ५)

प्रस्तुत कथामा पार्वती र लोग्नेको सामाजिक सम्बन्ध लैङ्गिक दृष्टिले पितृसत्तात्मक सामाजिक सम्बन्ध हो र जसका कारण उसको जीवनलीला समाप्त भएको छ । यसरी सामाजिक उत्पीडन र विभेदमा परेकी हुँदा पार्वती चरम लैङ्गिक विभेद र उत्पीडन सहन विवश छे । लोग्नेले सौता ल्याएका कारण अलपत्र परेकी पार्वती परम्परागत सामाजिक अन्धविश्वासका कारण घर त्याग्न विवश हुन्छे र मृत्युको मुखमा पुग्छे । यसप्रकार प्रस्तुत कथामा परम्परागत पुरुषकेन्द्र वर्चस्वशाली लैङ्गिक सम्बन्ध रहेको छ र त्यसका केन्द्रमा सामन्ती पितृसत्ता रहेको छ । निरीह पार्वतीको विद्रोहको चेतना प्रकट हुन नसकेको यसमा उसको मृत्युको कारक तत्कालीन परम्परावादी सामन्ती समाज नै हो । उसले बहुविवाह गरी चरम यौनशोषण गर्ने लोग्नेको यौनशोषण तर तिरष्कार र घृणामा पर्न विवश नारीहरूको प्रतिनिधित्व गरेकी छे । पितृसत्तात्मक समाजमा पुरुषहरू नारीलाई कमजोर ठानी कामवासना पूरा गर्ने साधनका रूपमा मात्र  प्रयोग गर्न चाहन्छन् । उनीहरूको नारीप्रतिको चिन्तन र व्यवहार नकारात्मक किसिमको हुने गरेको देखिन्छ ।

### ४.२ पितृसत्ता र लैङ्गिक हिंसा

'गरिबकी छोरी' कथामा दमनकारी पितृसत्ताको चित्रण छ र त्यही दमनकै कारण निरीह नारीले प्राण त्याग गर्नुपरेको कटु सत्य उद्घाटन गरिएको छ। कथामा २० वर्षीय विवाहित युवती पार्वतीलाई यौनसन्तुष्टि पुरा गर्न मात्र लोग्ने बिहे गरेको देखिन्छ। पार्वती लोग्नेको चरम यौनशोषणमा परेकी छ। उसको लोग्नेले अर्की पत्नी ल्याई उसलाई घरबाट निकालिदिएको छ। यस खालको प्रवृत्ति उत्पीडनकारी सामन्ती पितृसत्ताको मुख्य चरित्र हो। यहाँ पुरुषले जति पत्नी ल्याए पनि धर्म नजाने भन्ने पितृसत्तात्मक विभेदकारी मानसिकता रहेको देखिन्छ। लोग्नेले सौता ल्याएपछि जवानीमा चढ्दै गरेकी पार्वतीलाई घर, माइती तथा छिमेकी सबैले घृणा र तिरस्कार गर्छन्। सबैबाट तिरष्कृत भएर समाजमा बसी नसक्नु भएपछि अन्तत ऊ मृत्युलाई रोज्न बाध्य हुन्छे। यसरी घरबारविहीन भई छट्पाउँदै मृत्युवरण गर्न पुग्नु पार्वतीमाथि भएको चरम पितृसत्तात्मक अमानवीय व्यवहार मुख्य कारक हो। यहाँ पार्वतीलाई घरपरिवारले पशुसरह व्यवहार गरी लैङ्गिक हिंसा गरेको देखिन्छ। पार्वतीमाथिको पारिवारिक हिंसालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> "पार्वतीको हात समातेर गङ्गाले अश्रुपूर्ण स्वरमा जाइलागेर भनिन्- के को नामर्द भएर घर पठाई दे भन्नुहुन्छ, गरिबकी छोरी भनेर हेला गर्न, बारम्बार घोचिरहन पाइन्छ ? जहिले पनि सासू भनौदी लखोटी- अरू छोराको जस्तो कान्छाको सम्बन्ध राम्रो ठाउँमा परेन भनिरहने रे, यसका देउरानी जेठानीका अगाडि बेइज्जत भन्ने रे।" (पृ. ४)

यहाँ परम्परित सामन्ती पितृसत्ताले पार्वतीलाई सीमान्त अवस्थामा पुऱ्याएको छ। ऊ युवाकालमै विधवासरह बन्नुपरेको छ किनभने उसलाई लोग्नेले सौता ल्याई छाडेको छ। उसको पहिचानलाई पुरुष आधारित बनाइएको छ। निरीह नारी पार्वतीमाथि सामाजिक अत्याचार गरिएको छ। यसरी पितृतन्त्रमा महिलाहरू पुरुषका यौनशोषणका साधन बनाइएको तथ्य यसमा प्रस्तुत छ। महिलाबाट महिला नै उत्पीडित बन्नुपर्ने तत्कालीन सामन्ती पितृसत्ताको उत्पीडनकारी चरित्रको पर्दाफास यस कथांशमा भएको छ। यसले तत्कालीन सामन्ती पितृसत्तात्मक समाजमा व्याप्त लोग्नेबाट अपहेलित नारीको कारुणिक दृश्यलाई देखाएको छ। प्रस्तुत कथांशमा निरीह महिलाप्रतिको पितृसत्तात्मक गलत सोच र व्यवहारलाई प्रस्तुत गरिएको छ। तत्कालीन पितृसत्तात्मक समाजमा समाज र घरमा अपमानित र तिरस्कृत भएपछि माइत पुगेकी पार्वतीले माइतमा पनि चरम अपमान, घृणा र तिरष्कार खप्नुपरेको छ। उसको कुनै स्वतन्त्र लैङ्गिक अस्तित्व छैन। उसका इच्छा चाहना कुन्ठित भएका छन् र ती विलीन भएका छन्। जन्म दिने बुबासमेतले उसलाई आश्रय दिएको छैन। यस कथामा उसको दुरवस्थालाई यसरी प्रस्तुत गरिएको छ : "केशवले आमासँग लिपिक्क लागेकी छोरीलाई हेरेर भने- नानी ! बालख हैनौँ, २०-२२ की भैसक्यौ। बस्नै सक्तिन त्यो घरमा भन्छ्यौ भने आमाले जस्तै बस। नत्र आफ्नो घर भनेको घर नै हो।" (पृ. ५)

प्रस्तुत कथामा तत्कालीन पितृसत्तात्मक लैङ्गिक विभेदकारी नियमको जञ्जिरमा बाँधिएकी पार्वतीजस्ता नारीहरूको करुण कहानी प्रस्तुत भएको छ। ऊ लोग्नेबाट सौता ल्याएर तिरष्कृत भई जन्मघरमा आउँदा पनि आफ्नै बुबा र दाजुबाट अपमानित र तिरष्कृत हुनुपरेको छ। माइतमा उसले शरण पाएकी छैन। यसरी पितृसत्तात्मक संस्कार भएको समाजमा घरमा पनि र माइतमा पनि नारी चरम अपहेलित र तिरस्कृत हुनुपरेको तीतो अवस्था यसमा प्रस्तुत छ। पितृसत्तात्मक मानसिकता र व्यवहार भएको तत्कालीन समाजमा पुरुषबाट मात्र नभई नारीबाट पनि नारी राम्ररी हाँस्न र बोल्न नहुने किसिमको नियन्त्रण र अधीनस्थता कायम भएको देखिन्छ। यहाँ पार्वती समाज, घरपरिवार र माइतीको कडा तिरस्कार र उपेक्षामा छे। उसले घरका सासू, जेठानी, देउरानी तथा माइतका बुबा र दाजुबाटै अमानवीय व्यवहार झेल्नुपरेको छ। यहाँ पार्वतीले पितृसत्तात्मक प्रभुत्व र वर्चस्वमा रहेका पुरुष र नारीबाट हिंसा र उत्पीडन भोग्न विवश असहाय र दुखी नारीको प्रतिनिधित्व गरेकी छे।

### ४.३ लैङ्गिक विभेद, दमन र उत्पीडन

'गरिबकी छोरी' कथामा पार्वती पितृसत्तात्मक संस्कृतिबाट प्रशिक्षित पुरुष र नारीबाट लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडनमा पारिएकी छ। यसमा पुरुष अधीनस्थताको केन्द्रमा निरीह नारीमाथि विभेदजन्य व्यवहार भएको छ। पार्वती २० वर्षको उमेरमा नै विवाह भएकी र लोग्नेबाट सौता हाली परित्यक्ता नारी पात्र हो। जवानी चढ्दै गरेको अवस्थामा लोग्नेबाट तिरष्कृत भएकी उसले मानसिक र शारीरिक यातना सहनुपरेको छ। पितृसत्तात्मक हिंसाको सामाजिकीकरणका कारण पार्वतीले आफूमाथिको लोग्नेको उपेक्षा, जवर्जस्ती यौनशोषण र तिरष्कारलाई बाहिर ल्याउन सकेकी छैन। उसमा घर, माइती तथा समाजको डर छ। यहाँ लोग्नेको पार्वतीमाथिको यस प्रकारको हिंस्रक व्यवहार पितृसत्ताको हिंसात्मक चरित्र र अधीनस्थताका कारण भएको देखिन्छ। सामाजिक डर र त्रासका कारण उसले लोग्ने, सासू तथा देउरानी र जेठानीको दुर्व्यहारको प्रतिवाद गर्न सकेकी छैन। उसले पार्वतीलाई हेरचाह गर्ने कुनै प्रयत्न गरेको छैन। यसले एउटी निरीह नारीमाथि पितृसत्ताका पुरुष र नारीले जे गरे पनि हुने भन्ने ऊमाथिको अमानवीय दुर्व्यवहारलाई सङ्केत गरेको छ। पुरुष अधीनस्थताका कारण पार्वतीले लोग्ने र घरपरिवारका अन्य सदस्यसँग प्रतिवाद गरी न्याय पाउन सकेकी छैन। एउटी लोग्नेबाट उपेक्षित निरीह र असहाय नारी पार्वती सामन्ती पितृसत्तात्मक व्यहार प्रस्तुत गर्ने पुरुष र नारीबाट बिचल्लीमा परेकी छ। यहाँ पितृसत्तात्मक हिंसात्मक व्यवहारका कारण एउटी अबला नारीले प्राण त्याग्नुपरेको छ।

'गरिबकी छोरी' कथामा नारीमाथिको दमन र शोषणको स्वरूप पितृसत्तात्मक छ। पितृसत्ताले विवाह गराएको छ र विछोड पनि गराएको छ। २० वर्षीय युवती जवानीमा टेक्दै गर्दा पतिविहीन बन्न पुगेकी छे। ऊमाथि जन्मेदेखि नै पितृसत्तात्मक

दमन र शोषण भएको देखिन्छ । लोग्नेले सौता ल्याएर उसलाई घरनिकाला गर्नु ऊमाथिको पितृसत्ताको बर्बर र दमनपूर्ण ज्यादती हो । पितृसत्ताले शक्तिहीन बनाएकै कारण पार्वतीले न्यायको ढोका ढकढक्याउन सकेकी छैन । उसलाई घर र माइतका सबै मानिसले तँ चरित्रहीन, कुलङ्घार होस्, तँलाई स्थान छैन भनेर घरबाट निष्काशन गरेका छन् । घरपरिवार, समाज सबैतिरबाट अपहेलित र उपेक्षित भएपछि पार्वतीले आत्महत्या गर्दछे । यहाँ पितृसत्ताको लैङ्गिक हिंसा र उत्पीडनकै कारण उसले आत्महत्या गरेकी हो । एउटी निरीह महिलामाथिको शोषण र उत्पीडनको यो स्वरूप सामन्तवादी हो । सामन्ती सत्ताले सिर्जना गरेको छोरीको कर्म, सौता, भाग्य आदिका कारण पार्वतीजस्ता महिलाहरू शोषित छन् । आर्थिक, सामाजिक तथा वैवाहिक अधिकार सबै पुरुषका हातमा छन् र महिलाहरू पुरुषद्वारा निर्देशित छन् । यसरी लैङ्गिक शोषण, दमन र उत्पीडनका केन्द्रमा रहेको पितृसत्ता र त्यसको सामन्ती शोषणका केन्द्रमा पार्वतीजस्ता निरीह नारीहरू परेका छन् । शक्तिको केन्द्रमा रहेका पार्वतीका लोग्ने, बुबा तथा सासूहरूजस्ता पुरुष र नारीहरूबाट पार्वतीहरूजस्ता शक्तिहीन नारीहरू पटकपटक यौनहिंसा, तिरष्कार, उपेक्षा, घृणा र अन्यायमा पर्छन् र त्यस प्रकारको पुरुष उत्पीडन खप्न नसकेर देहत्याग गर्न विवश बन्छन् भन्ने मर्मपूर्ण अवस्थालाई यस कथामा प्रतिनिधित्व गराइएको छ । यस कथामा पार्वतीमाथिको तत्कालीन सामन्ती संस्कारयुक्त पितृसत्तात्मक पुरुष र नारीको दमन र उत्पीडनलाई यसरी प्रस्तुत गरिएको छ :

> अरू त के यसको बाजेको श्राद्धमा वसन्तपूजा गर्दा सँगै भए अरू जेठानीहरू यसलाई कुहिनोले धकेल्ने रे, सासू पनि जे काममा पनि तँ अलग्ग भएर गर् न, जेठानीहरूको तँ काँट लाग्छेस् र सँगै बस्छेस् भन्ने रे, ... लोग्ने भनाउँदो ठेउको पनि अरूको लैलैमा यसलाई देख्यो कि मुन्टो बटार्दो रे !, अर्को बिहे गर्छु भन्दो रे । (पृ. ५)

'गरिबकी छोरी' कथामा मुख्य नारी पात्र पार्वती प्रभुत्वशाली पुरुष लोग्नेबाट यौनशोषण र बहिष्करणमा परेर त्यसैका कारण जीवनलीला समाप्त पार्न बाध्य छे । उसले पितृसत्ताको प्रतिनिधि लोग्ने, सासू, जेठानी, देवरानी तथा बुबाले गरेको चरम शारीरिक तथा मानसिक हिंसा र उत्पीडनका विरुद्धमा आवाज उठाउन सकेकी छैन । पितृसत्तात्मक सामन्ती संस्कारले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण पार्वती लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडन भोग्न विवश भएकी छे । समाज, घरपरिवार र माइती पक्षले उसलाई चरम तिरस्कार गर्छ । पितृसत्तात्मक समाजमा पितृसत्ताकै आडमा लोग्ने तथा सासूजस्ता दुष्ट व्यक्तिहरूबाट पार्वतीजस्ता सोझा ग्रामीण नारीहरू शारीरिक र मानसिक उत्पीडनमा पर्नुपरेको छ । उसले माइतीमा बुबा तथा दाजुसँग रोइकराई गरेकी छे, दुःख, पीर र व्यथा पोखेकी छे तर उसको कुरा पितृसत्तात्मक संस्कारबाट प्रशिक्षित पुरुष बुबा र दाजुले सुनेका छैनन् र उसलाई आश्रय दिएका छैनन् । ऊमाथि उल्टै अपमान र तिरस्कार गरी जन्मघर छाड्न बाध्य बनाएका छन् । उसले आफ्नो अधिकारका लागि सङ्घर्ष वा विद्रोह गरेको देखिँदैन । उसले आफ्नो स्वतन्त्र अस्तित्व पितृसत्तालाई जवर्जस्त रूपमा सुम्पिनुपरेको छ । माइत र घर दुवैतिरबाट अपहेलित, तिरष्कृत र घृणित भएपछि अन्य साहारा नदेखेर पार्वतीले आत्महत्या गरेकी छे । पार्वतीले आत्महत्या गर्नु तत्कालीन सामन्तवादी पितृसत्ता मूल कारकका रूपमा रहेको देखिन्छ ।

## ५. निष्कर्ष

'गरिबकी छोरी' कथामा लैङ्गिक रूपमा उत्पीडित नारी तथा प्रभुत्वशाली उत्पीडक पुरुष पात्रको प्रतिनिधित्व गराइएको छ । तत्कालीन समाजको स्वरूप सामन्ती पितृसत्तात्मक सामाजिक संरचनामा आधारित भएकाले यस कथामा मुख्य नारी पात्र पार्वतीको लैङ्गिक अवस्था कमजोर बनाइएको छ । ऊ दमनकारी पितृसत्ताकै अधीनस्थ बन्न विवश छे । विवाहपछि उसको सुखद घरजम हुन सकेको छैन । लोग्नेले सौता ल्याएर घरबाट निकालिदिएपछि ऊ माइतमा शरण लिन बाध्य भएकी छे । माइतमा पनि अपमानित र तिरष्कृत भएपछि साहाराविहीन आत्महत्या गर्छे । ऊ सामन्ती पितृसत्ताकै कारण आत्महत्या गर्न विवश बनेकी छे । प्राकृतिक रूपमा पुरुष र नारीबीचको लैङ्गिक सम्बन्धबाट यो कथा निर्मित छ । पार्वती, लोग्ने, बुबा, दाजु, जेठानी, देवरानी एकै परिवारका सदस्य हुन् । उनीहरूबीच पारिवारिक र सामाजिक सम्बन्ध रहेको छ । पुरुषकेन्द्री लैङ्गिक सम्बन्ध प्रस्तुत भएको यस कथामा पितृसत्तात्मक प्रभुत्वका कारण पार्वती देहत्याग गर्न विवश भएकी छे । यहाँ पितृसत्तात्मक सामन्ती संस्कारको प्रतिनिधित्व गर्ने पुरुष लोग्ने, बुबा र दाजु र नारी सासू, जेठानी तथा देवरानीबाट पार्वती शोषण, दमन, विभेद र उत्पीडनमा परेकी छे । यहाँ पितृसत्तात्मक संस्कारयुक्त नारी र पुरुषहरू प्रभुत्वशाली छन् भने निरीह महिलाहरू शक्तिहीन छन् । पार्वतीले पुरुष र नारी अधीनस्थ नारी समुदायको प्रतिनिधित्व गरेकी छे भने पार्वतीको लोग्ने, बुबा र दाजु तथा सासू, जेठानी र देवरानीले पितृतन्त्रको उत्पीडक पुरुष र नारीको प्रतिनिधित्व गरेका छन् । यसप्रकार पुरुषले वर्चस्वशाली संस्कृतिको प्रतिनिधित्व गर्ने र नारीलाई आफ्नो नियन्त्रणमा राखी उपभोग गर्ने संस्कृतिका कारण यस कथामा नारीको अवस्था अत्यन्त दयनीय र अधीनस्थ बन्न पुगेको हो । यसरी तत्कालीन परम्परागत सामन्तवादी पितृसत्ताले एउटी अबला नारीमाथि गरेका सामाजिक, आर्थिक, शारीरिक, यौनिक तथा मानसिक विभेद, शोषण, दमन, उत्पीडन र हिंसाजन्य व्यवहारलाई यस कथामा प्रस्तुत गरिएको छ । यसमा पितृसत्तात्मक सामाजिक संरचनाका कारण शक्तिकेन्द्रका रूपमा पुरुषको वर्चस्व रहेको देखाइएको छ । यहाँ पुरुष शक्तिको केन्द्रमा छ भने नारी शक्तिको परिधिमा छे । यस कथामा पुरुषले परम्परागत सामन्तवादी संरचनायुक्त पितृसत्ताकै आडमा नारीमाथि प्रभुत्व कायम गरी शोषण, दमन र उत्पीडन गरेको देखिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६१), *लैङ्गिक अध्ययन,* काठमाडौँ : नेसनल बुक सेन्टर ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गिरी, अमर (२०७४), *भूमण्डलीकरण र साहित्य,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०६४), *उत्तर आधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

पाठक, गिरिराज (२०७५), "गुरुप्रसाद मैनालीका कथामा प्रतिनिधित्व, पहिचान र प्रतिरोध", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीग विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, गुरुप्रसाद (सन् २०२०), 'खानदानी कथामा प्रतिनिधित्व', *जर्नल अफ टुटा,* भोल्युम १, डिसेम्बर, पृ. ९-१७ ।

पोखरेल, गुरुप्रसाद (२०८०), "सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

प्रधान, शिवकुमार (२०१४), *आकाश गंगा,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भद्रा, चन्द्रा (२०६७), *लैङ्गिक अध्ययन,* सम्पा., काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

रिड, एबलिन (२०४२), *नारी : जात ?, वर्ग ?? या उत्पीडित लिंग ???,* (अनु. पारिजात), काठमाडौँ : पारिजात ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

Beteille, A. (1996), *Caste*, *Class and Power*, Third Edition, New Delhi : Oxford University Press.

Bhasin, K. (2000), *Understanding Gender*, New Delhi : Paul's Press.

Hall, S. (Ed.), (1997), *Representation*, London : Sage Publication.